नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: १५२

मितिः २०८२/०७/२७

नेपाल संवत् ११४६

विषयः २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको क्षतीको विवरण अनलाईन पोर्टलमा प्रविष्टि गर्ने सम्बन्धमा।

श्री गाउँपालिका, (सबै)।
श्री नगरपालिका, (सबै)।

राष्ट्रिय योजना आयोगको प.सं. २०८२/८३, च.नं. १९० मिति २०८२/०७/२७ को पत्र मार्फत प्राप्त २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको क्षतीको विवरण अनलाईन पोर्टलमा प्रविष्टि गर्ने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..............
(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं।
श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं    फोन नंः- ४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरवार, काठमाडौं

फोन नं. ०१-४२११०३२, ०१-४२१११३२, ०१-४२११००४
ईमेल : npc@npc.gov.np
वेब : www.npc.gov.np

प.सं.: २०८२/८३
च.नं.: 980

मिति:- २०८२/७/२७

विषय: स्थानीय तहहरुमा सूचना संप्रेषण सम्बन्धमा।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

उपरोक्त सम्बन्धमा २०८२ साल भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको क्षतीको विवरण अनलाइन पोर्टल प्रविष्ट गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना पाना - १ (एक) यसै साथ संलग्न गरी पठाइएको छ। उक्त सूचना स्थानीय तहहरुमा संप्रेषणका लागि आदेशानुसार अनुरोध छ।

............................
(इन्द्र बहादुर क्षेत्री)
योजना अधिकृत

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

पत्र संख्या :

सिंहदरबार, काठमाडौं

चलानी नं :

मिति: २०८२/०७/२६

## २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको क्षतीको विवरण अनलाईन पोर्टलमा प्रविष्टि गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना

२०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन तथा पुनःनिर्माण योजना तयारीको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२ असोज ५ गतेको निर्णय बमोजिम पाँच सदस्यीय समिति गठन भएको अवगत नै छ। आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन गर्ने र सार्वजनिक सम्पत्तिको पुनर्निर्माण योजना तयार गर्ने समितिको कार्यादेश छ।

तथ्याङ्क संकलनमा एकरुपता र सहजताका लागि समितिले अनलाईन पोर्टल तयार गरी सम्बन्धित स्थानीय तहले स्थानीय तह अन्तर्गतका कार्यालय, स्थानीय तह भित्रका निजी प्रतिष्ठान र सामुदायिक तथा व्यक्तिगत सम्पत्तिमा भएको क्षतिको तथ्याङ्क प्रविष्टि गर्ने, प्रदेशले प्रदेश अन्तर्गतका निकायको क्षति प्रविष्टि गर्ने, संघीय मन्त्रालय, आयोग र सचिवालयले आँफू र आँफू अन्तर्गतका विभाग, कार्यालय र सार्वजनिक संस्थानको क्षति संकलन तथा पोर्टलमा प्रविष्टि गर्ने गरी जिम्मेवारी तोकिएकोमा धेरै जसो तथ्याङ्क प्रणालीमा प्रविष्टि भइ क्षति मूल्याङ्कनको लागि तथ्याङ्क संकलन कार्य अन्तिम चरणमा पुगेको छ।

यदी कुनै कारणवश क्षतिको तथ्याङ्क प्रविष्टि गर्न छुट भएको भए यही सूचनालाई आधार मानी समितिले निर्माण गरेको अनलाईन पोर्टलमा सम्बन्धित गाउँ/नगरपालिकासँग समन्वय गरी बढीमा ३ (तीन) दिन भित्र क्षतिको विवरण प्रविष्टि गरिदिनुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

**यस विषयमा थप जानकारी आवश्यक परेमा राष्ट्रिय योजना आयोगको फोन नं ०१- ४२११९३२ मा सम्पर्क गर्नुहुन अनुरोध छ।**

(डा. दिवाकर लुइटेल)
कार्यक्रम निर्देशक/ सूचना अधिकारी